# पन्ध्रौ बैठक

आज मिति २०८३।०२।२२ गते शुक्रबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

## तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उपप्रमुख | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायणा बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुङगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ८ | |
| ११. | श्री खेमराज चुँदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. १० | |
| १३. | श्री खुमा वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था वेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १९. | श्री गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २०. | श्री गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २१. | श्री रबिन्द्र प्रसाद चौधरी | प्रमुख प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |

निर्णय प्रमाणित गरिएको

02/22

सहयोगी कर्मचारी

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री जुना पाण्डे | वरिष्ठ लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २. | श्री हरिश्चन्द्र भुसाल | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री तुल्सी प्रकाश गिरी | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ४. | श्री शेषकान्त घिमिरे | स कम्प्यूटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ५. | श्री सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ६. | श्री जितेन्द्र श्रेष्ठ | प्राविधिक अधिकृत | भूमिकास्थान नगरपालिका | |

७ श्री चिरञ्जिवी भुसाल सु.प्र.अ.

**प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम र बजेट सम्बन्धमा ।
२. सामाजिक सुरक्षाकोष कार्यविधी, २०८२ सम्बन्धमा ।
३. आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधी,२०८३
४. गभर्नेन्स ल्यावको कार्यक्रम सम्बन्धमा ।
५. आधारभूत अस्पताल संचालन सम्बन्धमा ।
६. प्रहरी चौकीको जग्गा सम्बन्धमा ।
७. टोल विकास संस्थाको कार्यक्रम सम्बन्धमा ।
८. विविध ।

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को लागि भूमिकास्थान नगरपालिकाको नीति तथा कार्यक्रमको सन्दर्भमा व्यापक छलफल भयो र सो सम्बन्धमा बैठकबाट आएका सुझावहरुलाई थप गर्दै पुनः कार्यपालिका बैठकमा पेश गर्ने गरी विभिन्न विषयगत समितिमा छलफलको लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १कः** प्रस्ताव नं. १क माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको राजश्व परामर्श समिति बैठक र स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको सन्दर्भमा प्राप्त बजेट सिलिङको आधारमा विषयगत समिति र वडाहरुलाई उपलब्ध गराउन सक्ने बजेट सिलिगको बारेमा छलफल भै बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट सिफारिश भए बमोजिमको सिलिग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २ः** प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका अन्तर्गतको विधायन समितिबाट सिफारिश भै आएको सामाजिक सुरक्षाकोष कार्यविधी, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका अन्तर्गतको विधायन समितिबाट सिफारिश भै आएको आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधी,२०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा गभर्नेन्स ल्याव नामक संस्थामार्फत संचालित लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको सन्दर्भमा बैठकमा जानकारी भयो र उक्त संस्थाको बजेट तथा कार्यक्रमलाई समेत नगरपालिकाको कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आधारभूत अस्पताल संचालन गर्नको लागि आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सशर्त अनुदानको रुपमा प्राप्त बजेटबाट कार्यालयले तयार गरेको लागत अनुमानको आधारमा प्रारम्भमा अत्यावश्यक कार्यहरुको निम्नानुसारको प्याकेज तयार गरी खरिद कार्यलाई अगाडी बढाउने र कर्मचारी व्यवस्थापनको कार्यलाई तत्काल

निर्णय प्रमाणित गरिएको

२०८३/०२/२२

आगाडी बढाउने निर्णय गरीयो । साथै आर्थिक वर्ष २०८३/०८४ को श्रावण महिना देखि नियमितरुपमा ओपिडी सेवा संचालन गर्ने निर्णय गरीयो ।

**तपसिल**

१ कर्मचारी पदपूर्ती तथा व्यबस्थापन/परामर्श रु.३०००००
२ अस्पताल उपकरण रु.८५५०००
३ सर्जिकल सामग्री रु.८४२०००
४. औषधी रु.३०००००
५. फर्निचर मिटिङ्ग रुम रु.२०००००
६. फर्निचर अन्य (९ कोठा, आयुर्वेद-३, ल्यावको स्ल्याब (२, ओ.पि.डि. (१, डिस्पेन्सरी (१, नाम दर्ता -१, सहायता कक्ष -१० रु.९५००००
७. विविध, विघुत/विघुत धरौटी, पानी, इन्धन, भित्ते लेखल आदी ३०००००
८. कार्यालय सामग्री र मसलन्द रु.२०००००
९. कम्प्युटर/प्रिन्टर रु.७०५०००

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्रहरी चौकीको लागि जग्गा व्यवस्थापनको लागि थप स्थलगत अवलोकन र परामर्शबाट अगाडी बढ्ने निर्णय गरीयो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा १७औं नगरसभाबाट स्वीकृत आयआर्जन, सरसफाई लगायतका अभियान संचालनमा टोल विकास संस्था परिचान कार्यक्रमबाट कार्यक्रम संचालन गर्नको लागि प्रत्येक वडाले ५०/५० हजारको परिधी भित्र रही सोही विषयसँग सम्बन्धीत कार्यक्रमको प्रस्ताव तयार गरी स्वीकृत प्रस्तावको आधारमा कार्यक्रम संचालन गर्ने गरी वडाहरुलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ८** नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार देशभरका विभिन्न करदाता सेवा कार्यालयहरु खारेज भै ती कार्यालयहरुबाट प्रवाह हुँदै आएका सेवाहरु करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेको सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सन्चालन कार्यविधी बमोजिम सम्बन्धित स्थानीय तहबाटै सम्पादन गर्ने व्यवस्था भए बमोजिम भूमिकास्थान नगरपालिकाको क्षेत्रभित्र उक्त सेवाहरु संचालन तथा आवश्यक व्यवस्थापन गर्न नगरपालिका इच्छुक र प्रतिबद्ध रहेकोले सोको कार्यान्वयनको लागि आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाण्डौमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.९** भूमिकास्थान नगरकार्यपालिकको कार्यालयमा मिति २०८२/०१/०१ गते देखि ज्यालादारीमा हल्का सवारी चालक पदमा कामगर्दै आउनुभएका भूमिकास्थान नगरपालिका वडा नं. ८ का कूलदीप श्रेष्ठलाई २०८३ श्रावण १ गते देखि लागु हुने गरी करार सेवामा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** भूमिकास्थान नगरपालिकाको विपद् व्यवस्थापन समितिबाट मिति २०८२/०२/०५ गतेको बैठकबाट भूमिकास्थान नगरपालिका वडा नं. ३ को खुमा थापाको घर जीर्ण भै भत्कीएकोले उक्त घर निर्माणमा अवश्यक जस्तापाको लागि लागत अनुमानको आधारमा रु. ५० हजार उपलब्ध गराउने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** भूमिकास्थान नगरपालिकाको धारापानी दोभानखोला सामूदायिक लिफ्ट खानेपानी योजनामा युनडिपीको सहयोगमा कार्यक्रम संचालन भएकोमा सो को लागि नगरपालिकाले १० प्रतिशत म्याचिंग गर्नको लागि आवश्यक पर्ने बजेट म्याचिङ्ग फण्ड शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी हुनेगरी कार्य अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं.१२** भूमिकास्थान नगरपालिका भित्रका विद्यालयहरुको समायोजन तथा दरबन्दी मिलान सम्बन्धमा कार्यपालिकाबाट गठन भएको समितिले स्थलगत अध्ययन अवलोकन लगायतको कार्य गर्दा भएको खर्च रु.१५६००० चालु आ.ब.२०८२/०८३ को वार्षिक नगर विकास योजनामा मेयर कप भलिबल प्रतियोगिता शीर्षकमा विनियोजित बजेटबाट व्यबस्थापन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१३ :** परामर्शदाता संस्थाबाट तयार भई यस नगरपालिकामा पेश भएको संगठन तथा ब्यबस्थापन (O & M) सर्भेक्षण प्रतिवेदन-२०८१ यस बैठकमा संशोधनका लागि पेश भएकोमा उक्त सर्भेक्षण प्रतिवेदन संशोधनका लागि स्वीकृती प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय प्रमाणित गरिएको

२०८३/०२/२२

**निर्णय नं.१४ :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.७/३०१९, मिति २०७९/०३/२७ को पत्रबाट प्राप्त "स्थानीय तहहरुद्वारा संचालन तथा व्यवस्थापन गरिने ५, १० र १५ शैय्याका आधारभूत अस्पतालहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७९।०३।२१ को निर्णयबाट स्वीकृत गरिएको नमुना संगठनात्मक संरचना र दरबन्दी तेरिज यसै साथ संलग्न गरी संलग्न सूची बमोजिमका स्थानीय तहहरुलाई जानकारी गराई दिनु हुन भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार भएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.०५, मिति २०७९/०४/०१ को पत्रबाट सोही नमुना संगठनात्मक संरचना र दरबन्दी तेरिज स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पत्राचार भए बमोजिम गर्नुहुन भनि लेखि आए बमोजिम प्राप्त भएको प्रस्तावित नमुना संगठनात्मक संरचना र दरबन्दि तपसिल बमोजिम स्वीकृत गरी यस नगरपालिकाको १५ सैयाको आधारभूत अस्पताल संचालन गर्ने निर्णय गरीयो ।

**तपसिल**

**संघीय सरकारबाट प्रस्तावित**

**१५ शैयाको आधारभूत अस्पतालतर्फ**

| पदनाम | श्रेणि/तह | सेवा | समूह/उप समूह | मौजुदा दरबन्दी | थप | घट | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| व.क/क. मेडिकल जनरलिष्ट | ९/१०औ | स्वास्थ्य | मेडिकल ज. | १ | ० | ० | १ |
| मेडिकल अधिकृत | ८औ | स्वास्थ्य | ज.हे.स | २ | ० | ० | २ |
| स्टाफ नर्स | ५/६/७औ | स्वास्थ्य | जनरल न. | ६ | ० | ० | ६ |
| हेल्थ असिस्टेन्ट | ५/६/७औ | स्वास्थ्य | हेल्थ इन्पे. | ४ | ० | ० | ४ |
| कबिराज | ५/६/७औ | स्वास्थ्य | आयुर्वेद | १ | ० | ० | १ |
| ल्याव टेक्निसियन | ५/६/७औ | स्वास्थ्य | मे. ल्या. टे. | १ | ० | ० | १ |
| रेडियोग्रफर | ५/६/७औ | स्वास्थ्य | रेडियोग्रफि | १ | ० | ० | १ |
| फार्मेसी सहायक | ५/६/७औ | स्वास्थ्य | फार्मेसि | १ | ० | ० | १ |
| डेन्टल हाइजिनिष्ट | ५/६/७औ | स्वास्थ्य | डेन्ट्रिष्ट्रि | १ | ० | ० | १ |
| एनेस्थेटिक सहायक | ५/६/७औ | स्वास्थ्य | विविध | १ | ० | ० | १ |
| अप्थाल्मिक रहायक | ५/६/७औ | स्वास्थ्य | विविध | १ | ० | ० | १ |
| वरिष्ठ प्र.स./स.प्र.अ | ५/६औ | प्रसाशन | सा.प्र. | १ | ० | ० | १ |
| कार्यालय सहयोगि | विहिन | प्रसाशन | सा.प्र. | ६ | ० | ० | ६ |
| सरसफाइकर्मी | विहिन | प्रसाशन | सा.प्र. | ३ | ० | ० | ३ |
| १५ शैयाको अस्पतालको जम्मा | | | | ३० | | | ३० |

**निर्णय नं.१५ :** यस भूमिकास्थान नगरपालिका तथा अन्तरगर्त वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत रहि आएका कर्मचारीको कार्यालयलाई आवश्यक पर्ने दरबन्दि र प्रस्तावित सेवा करारमा पदपूर्ती हुने थप दरबन्दी समेत तपसिल बमोजिम स्वीकृत गर्ने निर्णय गरीयो ।

**भूमिकास्थान नगरपालिकामा प्रस्तावित अस्थायी करार दरवन्दी**

| क्र.सं. | पद | तह | प्रस्तावित अस्थायी दरबन्दी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत | ७ | १ | |
| २. | रोजगार संयोजक | ६/७ | १ | |
| ३. | वातावरण निरिक्षक | ७ | १ | |
| ४. | कानुन सहायक | ५ | १ | |
| ५. | एम.आइ.एस अपरेटर | ५ | १ | |
| ६. | मनोसामाजिक परामर्शकर्ता | ५ | १ | |
| ७. | ना.प.स्वा.प्रा / ना.प.से.प्रा / ना.प्रा.स | ४ | ७ | OVOT(एक गाउँ एक कृषि/पशु सेवा प्राविधिक) |
| ८. | फिल्ड सहायक(सामाजिक सुरक्षा तथा पञ्जिकरण) | ४ | १ | |
| ९. | सहायक उद्यम विकास सहजकर्ता | ४ | २ | |
| १०. | खा.पा.स.टे | ४ | १ | |

निर्णय प्रमाणित गरिएको